## नमुना विद्यालय विकास

## पञ्चवर्षिय विद्यालय सुधार गुरुयोजना (२०७५-२०७९)

## दोस्रो वर्षको

# कार्यक्रम कार्यान्वयन प्रगति प्रतिवेदन

**प्रतिवेदक**

भिष्म कँडेल

प्रधानाध्यापक

श्री अमर माध्यमिक विद्यालय

काठेखोला गाउँपालिका–५ बिहुँकोट, बागलुङ

गण्डकी प्रदेश, नेपाल

## १. पृष्ठभूमी

शिक्षा मानिसको जन्मसिद्ध अधिकार हो । युगको माग सुबाउदो गुणस्तरीय व्यवहारिक एवम् आधुनिक प्रविधिमैत्री शिक्षा प्रवाहको मूल मर्म अनुसार नेपालमा विद्यालय क्षेत्र सुधार कार्यक्रम २०६६/२०७२ को समाप्ति सँगै विद्यालय क्षेत्र विकास कार्यक्रम २०७३/२०८० कार्यान्वयमा रहेको छ । त्यस्तै नेपालको संविधान २०७२ को भाग तीन मैालिक हकहरु अन्तरगत धारा ३१ मा शिक्षा सम्वन्धी मौलिक हकको व्यवस्था गरिएको छ । शिक्षा सम्वन्धी मौलिक हकमा आधारभूत तह सम्मको शिक्षा अनिवार्य र नि:शुल्क र माध्यमिक तहको शिक्षा नि:शुल्क हुने कुरा उल्लेख गरिएको छ । त्यस्तै धारा ५१ (ज) मा नागरिकका आधारभूत आवश्यकता सम्वन्धी निति अन्तरगत शिक्षालाई वैज्ञानिक सीपमूलक व्यवहारिक रोजगारमूलक जनमुखी, गुणस्तरीय, पहुँचयोग्य, प्रतिस्प्रधी एवम् राष्ट्रिय हित प्रति सर्मपित जनशक्ति उत्पादन गर्ने भन्ने नितिलाई साकार पार्न विद्यालय क्षेत्र विकास कार्यक्रम वि.सं २०७३–२०८० म विस्तृत रणनितिक कार्यकलाप अन्तरगत अन्तराष्ट्रिय स्तरको मापदण्ड अनुसारको शैक्षिक, भौतिक तथा व्यवस्थापकिय पक्षहरुको विकास गरी हाल सञ्चालनमा रहेका बाल विकास देखि कक्षा १२ सम्म सञ्चालित सामूदायिक विद्यालयहरु मध्येबाट १००० वटा विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्ने नीति अवलम्वन गरिएको छ । सोहि योजना अनुसार तत्कालिन नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभागद्धारा नमुना माध्यमिक विद्यालय स्थापना, विकास र सञ्चालन सम्वन्धी अवधारणा पत्र २०७३ र नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७४ मार्फत विद्यालयहरु छनौट गर्ने कार्य गरियो । जिल्ला शिक्षा कार्यालय वागलुङले विशिष्ट सूचकका आधारमा गरेको सर्वेक्षणमा आवेदक विद्यालयहरु मध्येबाट अमर माध्यमिक विद्यालयले जिल्लामा नै सर्वोत्कृष्ट अंक हासिल गर्दै वागलुङ जिल्लाको साविक निर्वाचन क्षेत्र अन्तरगत क्षेत्र नं १ बाट उत्कृष्ट नमुना योग्य विद्यालयको रुपमा छनौट भएको हो । नमुना विद्यालय विकासमा सूचीकृत भए पश्चात यस विद्यालयले विद्यालय विकास, गुरुयोजना (२०७५/२०७९) तयार गरी स्थानीय तहवाट स्वीकृत गराई कार्यान्वयनमा ल्याइएको छ । गुरुयोजनाको पञ्चवर्षिय लक्ष प्राप्तीका लागी पहिलो वर्षको कार्यनितिक योजना (२०७५/०७६) र दोस्रो वर्षको रणनीतिक कार्य योजना (२०७६/७७) समेत निर्माण भई कार्यान्वयन सम्पन्न भइसकेको छ । दोस्रो वर्षको योजनामा प्रस्तावित कार्यक्रमको सञ्चालन, लक्ष प्राप्तिको स्तर, स्रोत साधनको व्वस्थापन र विनियोजनको स्थिति आदि पक्षमा भएको प्रगति समिक्षालाई प्रस्तुत प्रतिबेदनमा उल्लेख गरिएको छ ।

गुरुयोजना अन्तरगत दोस्रो वर्ष २०७६/७७ को लागि प्रस्तावित कूल रु ४,३३,००,०१८ आम्दानी प्रक्षेपण गरिएकोमा रु ३,१७,३९,३४१.५० मात्र आम्दानी प्राप्त भएको छ । जुन लक्षको ७३.३० प्रतिशत हुन आँउछ । यस वर्ष रु १,१५,६०,६७६.५ ले प्रस्तावित आम्दानीमा कमी रहन गएको छ । आम्दानीको स्रोतगत उपलब्धि हेर्दा सरकारी नियमित अनुदान बाट रु ९३,८७,६४१, नमुना विद्यालय विकास कार्यक्रमको लागि सरकारी अनुदान (अघिल्लो वर्षको बचत समेत) बाट रु १,८८,१०,००० र विद्यालयको आन्तरिक स्रोतबाट रु ३३,३६,७००.५० र विभिन्न दातृ सस्थाहरुबाट रु २,०५,००० गरी जम्मा रु ३५,४१,७००.५० गैंर सरकारी आम्दानी प्राप्त भएको छ । लक्ष प्राप्तिको हिसावले नमुना विद्यालय सशर्त अनुदान ६२.३८ प्रतिशत, विद्यालयको आन्तरिक स्रोत १२१.४६ प्रतिशत र गैर ससरकारी दातृ निकाय तथा संघ संस्था बाट ४१.०० प्रतिशत लक्ष प्राप्ति भएको छ । विद्यालयको आन्तरिक स्रोतबाट प्रस्तावित लक्ष भन्दा वढी आम्दानी प्राप्त भएको छ भने सरकारको सशर्त अनुदान र गैर सरकारी स्रोतबाट प्राप्त हुने आम्दानी लक्ष भन्दा निकै तल रहन गएको छ । आम्दानी प्राप्तिको स्रोतगत योगदानलाई हेर्दा सरकारी अनुदान (नमुना विद्यालय अनुदान) ८४.१५ प्रतिशत, विद्यालयको आन्तरिक स्रोतबाट १४.९३ प्रतिशत र गैर सरकारी अन्य दातृ निकायको सहयोगबाट ०.९२ प्रतिशत योगदान रहन गएको छ ।

खर्च तर्फ नमुना विद्यालय परियोजना अन्तरगत प्रस्तावित कार्यक्रमहरुको लागि (सरकारको नियमित अनुदान बाहेक)  जम्मा रु ३,३६,९६,१३८ खर्च अनुमान  गरिएकोमा रु २,५४,७९,०९५.५ खर्च भएको छ । यो लक्षको ७५.६१ प्रतिशत हो । शैक्षिक पक्षमा रु ७,७०,२४५ भौतिक पक्षमा रु २,२१,५९,४३८.२ र सु-शासनमा रु २५,४९,४१२.३ खर्च भएको छ । कूल प्राप्त यथार्थ बजेटको क्षेत्रगत वितरणको अनुपात शैक्षिक, भौतिक र व्यवस्थापकिय क्षेत्रमा क्रमशः ३.०२ प्रतिशत, ८६.९७ प्रतिशत र १०.०१ प्रतिशत रहेको छ ।

खर्चको लक्ष प्राप्ति तर्फ शैक्षिक पक्षमा रु १६७७५०० खर्च प्रस्ताव गरिएको मा रु ७,७०,२४५ (४५.९१ प्रतिशत) खर्च भएको छ । भौतिक निर्माण तथा व्यवस्थापन अन्तरगत रु २,९२,०५,२३३ खर्च प्रस्ताव गरिएकोमा रु २,२१,५९,४३८.२ (७५.८७ प्रतिशत) खर्च हुन गएको छ । त्यस्तै सुशासन तथा व्यवस्थापकिय क्षेत्रको लागि रु २८,१३,४०५ खर्च अनुमान गरिएकोमा रु २५,४९,४१२.३ (९०.६१ प्रतिशत) यथार्थ खर्च रहन गएको छ ।

यस आर्थिक वर्षमा प्रस्ताव गरिएका कार्यक्रमहरुमा ७८ प्रतिशत भन्दा बढि कार्यक्रमहरु सञ्चालनमा रहे भने झण्डै २२ प्रतिशत कार्यक्रमहरु सञ्चालन नै हुन सकेनन् । लक्षित रुपमा आय संकलन हुन नसक्नु, कार्य सञ्चालनको दौरानमा विविध प्राविधिक तथा प्रकृयागत जटिलताहरु उत्पन्न हुनु, शैक्षिक सत्रको अन्त्य तिरबाट Covid-19 को प्रभावले विद्यालयका सबै गतिविधिहरु ठप्प प्रायः रहनु जस्ता कारणहरुले केहि कार्यक्रमहरुको सञ्चालनमा नै कठीनाई उत्पन्न भयो भने केहि कार्यक्रमहरुको उपलब्धि लक्षित रुपमा पुरा हुन सकेन । यद्यपी अधिकांश परिमाणात्मक सूचक सन्तोषजनक रुपमा देखिएका छन् ।

## २.शैक्षिक वर्ष २०७६ का परिमाणत्मक लक्ष र  प्रगतिको अवस्था

नमुना विद्यालय विकास गुरुयोजना दोस्रो वर्ष (शै.स.२०७६) का मूलभूत सूचकहरु र  अपेक्षित परिमाणात्मक उपलब्धीको अवस्था यस प्रकार रहेको छ :-

### २.१. शैक्षिक प्रगति  समिक्षा

| क्र. स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ | | लक्ष प्राप्तिको लागि गरिएका प्रयास, समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| १ | विद्यालय खुलेको दिन | २४३ | २४३ | २३५ | • विश्वव्यापि रुपमा फैलिएको कोरोना संक्रमणका कारण फागुन महिनाको अन्त्यवाट नै वार्षिक परीक्षा सञ्चालन गर्नुपर्ने भएकोले र चैत्र ११ गते देखि नेपाल सरकारले गरेको बन्दाबन्दी ले विद्यालय पूर्ण रुपमा वन्द गर्नुपर्ने अवस्था सृर्जना भएकोले विद्यालय खुलेको दिनमा कमी आएको छ । |
| २ | विद्यालय पढाई भएको दिन | २२८ | २३० | २१५ | • आवधिक परीक्षा तयारी विदा, विद्यालय वार्षिकोत्सव, अभिभावक भेला, विश्वव्यापि रुपमा फैलिएको कोरोना संक्रमणका कारण फागुन महिनाको अन्त्यवाट नै वार्षिक परीक्षा सञ्चालन गर्नुपर्ने बाध्यता आदि कारणहरुले गर्दा  लक्ष प्राप्तिमा कमी आएको छ । |
| ३ | शिक्षण सामग्रीको प्रयोग | ८५ | ९५ | ९३ | • स्थानीय स्तरमा प्राप्त हुने शैक्षणिक सामग्री संकलन अभियान प्रभावकारी भएको,<br>• विषयगत सामग्री संकलन तथा व्यवस्थापनमा विषयगत समितिहरुको भूमिका प्रभावकारी रहेको,<br>• बजारबाट खरिद गर्नुपर्ने सामग्रीको लागि बजेटको |

| क.स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ वार्षिक लक्ष | २०७६ प्राप्त उपलब्धि | लक्ष प्राप्तिको लागि गरिएका प्रयास, समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | | | अभाव रहेको, |
| ४ | पुस्तकालयमा जम्मा पुस्तक सङ्ख्या | ४६२० | ५००० | ४७२० | • बजेट अपर्याप्तताको कारण लक्षित रुपमा पुस्तकालय व्यवस्थापन तथा पुस्तकहरु थप गर्न सकिएको  छैन । |
| ५ | विज्ञान प्रयोगशाला प्रयोग प्रतिशत | ७० | ८५ | ८५ | • विज्ञान प्रयोगशालाको व्यवस्थापनलाई थप सुदृढ गरिएको छ ।<br>• प्रयोगशालाको व्यवस्थापन र  सञ्चालनमा विद्यार्थी हरुको क्रियाशिलतामा वृद्धि गरिएकोले प्रयोगशालाको प्रयोगप्रति विद्यार्थीहरुको आकर्षण वद्दै गइरहेको छ ।<br>• आवश्यकता अनुसार विज्ञान प्रयोगशाला नियमित प्रयोग गर्ने नीति अवलम्वन गरिएको छ ।<br>• विज्ञान शिक्षकलाई खालि पिरिएडमा पनि प्रयोग शालामा नै रहने व्यवस्था गरिएको छ ।<br>• प्रयोगशाला प्रयोग सम्वन्धि आचारसंहिता तथा समय योजना निर्माण गरी कार्यान्वयन गरिएको छ ।<br>• बजेट अभावको कारण विज्ञान प्रयोगशालाका सामग्री हरु पर्याप्त मात्रामा थपगर्न सकिएको छैन । |
| ६ | प्रतिदिन शिक्षक उपस्थिति प्रतिशत | ९४ | ९५ | ९५ | • विशेष परिस्थिति बाहेक एक दिनमा १ जना भन्दा वढि शिक्षक विदा वस्न नपाउने नीति कार्यान्वयनमा ल्याइएको छ ।<br>• विद्युतीय हाजिरीको व्यवस्था गरी त्यसको प्रयोगलाई प्रभावकारी गराउदै लगिएको छ ।<br>• शिक्षकले नियमानुसार पाउने पर्व तथा क्याजुअल विदा नलिई विद्यालयमा उपस्थित हुने शिक्षकलाई सो विदामा विद्यालय उपस्थित भए वापत विद्यालयको आन्तरिक स्रोतबाट पारिश्रमिक दिने व्यवस्था गरिएको छ । |
| ७ | प्रतिदिन विद्यार्थी उपस्थिति प्रतिशत | ९१ | ९२ | ९२ | • विद्यार्थी, अभिभावक र शिक्षक बीचको त्रिकोणात्मक सम्वन्ध विकास गरिएको छ ।<br>• विद्यार्थी विद्यालयमा उपस्थितिको जानकारी अभिभावक लाई निरन्तर रुपमा दिने पद्धतीको विकास गरिएको छ । यसको लागि शिक्षक, विद्यार्थी र अभिभावकहरुको लागि Smart School Application लाई प्रयोगमा ल्याइएको छ ।<br>• वार्षिक रुपमा सबै भन्दा बढि उपस्थित हुने विद्यार्थीलाई पुरस्कारको व्यवस्था गरिएकोले विद्यार्थी उपस्थितिदर अपेक्षित रुपमा वृद्धि भएको छ ।<br>• आवधिक रुपमा अभिभावक शिक्षा (Parents Education) कार्यक्रम सञ्चालन गरिएकोले विद्यार्थी उपस्थिति वृद्धि भएको छ । |

| क्र. स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ वार्षिक लक्ष | २०७६ प्राप्त उपलब्धि | लक्ष प्राप्तिको लागि गरिएका प्रयास, समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| ८ | कक्षा क्रियाकलापमा विद्यार्थी सक्रियता प्रतिशत | ८२ | ८५ | ८३ | • शिक्षण सिकाइमा आधुनिक सञ्चार प्रविधिको प्रयोगलाई क्रमशः वृद्धि गर्दै लगिएको छ ।<br>• शिक्षण सिकाइ, वसाइ व्यवस्थापन, शैक्षणिक सामग्री निर्माण र प्रयोग, कक्षाकोठा सरसफाई र सजावट, अभ्यास, प्रयोग, गृहकार्य निरीक्षण, सहपाठी मूल्याङ्कन, अनिवार्य दैनिक प्रतिवेदन लेखन, खोज तथा अन्वेषण लगायत विविध कक्षा कार्यकलापहरुमा विद्यार्थीहरुलाई सामूहिक एवम् व्यक्तिगत रुपमा विशेष जिम्मेबारी र नेतृत्व प्रदान गर्ने नीति अवलम्बन गरिएकोले कक्षा क्रियाकलापमा विद्यार्थीहरुको क्रियाशिलता क्रमशः वढ्दै गइरहेको छ ।<br>• कक्षाकोठा एवम् फर्निचरहरु आधुनिक शिक्षण विधिको प्रयोग गर्न अनुकूल नरहेको कारण कक्षा क्रियाकलाप मा विद्यार्थीहरुको सक्रियतालाई अझै लक्षित रुपमा हासिल गर्न सकिएको छैन । |
| ९ | वार्षिक विषयगत शिक्षक वैठक (पटक) | ८ | १० | ९ | • विषयगत शिक्षक वैठकको लागि क्यालेण्डर निर्माण गरी नियमित वैठक वस्ने नीति अवलम्वन गरिएकोले लक्ष प्राप्तिमा सफलता देखिएको,<br>• शैक्षिक सत्रको अन्त्य तिर Covid-19 को कारण विद्यालय वन्द गर्नुपर्ने अवस्था सृर्जना भएकोले वार्षिक विषयगत शिक्षक वैठक सङ्ख्या लक्षित रुपमा पूर्ण हुन सकेको छैन । |
| १० | तहगत समिति वैठक (वार्षिक पटक) | ५ | ६ | ६ | • विषयगत शिक्षक वैठकको लागि क्यालेण्डर निर्माण गरी नियमित वैठक वस्ने नीति अवलम्वन गरिएकोले लक्ष हासिल गर्न सफलता मिलेको छ । |
| ११ | वार्षिक स्टाफ मिटिङ | ११ | २० | २० | • हरेक महिनाको मसान्त र महिनाको दोस्रो शुक्रवारमा स्टाफ वैठक वसी शिक्षण सिकाइ सम्वन्धि समीक्षा गर्ने र आगामी वर्षको लागि रणनीतिक योजना निर्माण गर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिएको छ । |
| १२ | अतिरिक्त क्रियाकलाप (वार्षिक पटक) | २५ | ३० | ३० | • अतिरिक्त क्रियाकलाप सञ्चालन क्यालेण्डर निर्माण गरी सो अनुसार कार्यान्वयन गरिएको छ ।<br>• भौतिक संरचना निर्माणधिन अवस्थामा रहेकोले विद्यालयको खेल मैदानमा कतिपय खेलकुद तथा अन्य कार्यक्रमहरु सञ्चालन गर्न सकिने अवस्था छैन । |
| १३ | शैक्षिक सुझाव लिएर आउने अभिभावक (प्रतिशत) | २७ | ४५ | ४० | • अभिभावक अन्तरक्रिया तथा घरदैलो कार्यक्रम प्रभावकारी भएकोले विद्यालयमा सकारात्मक सुझाव लिएर आउने अभिभावकको सङ्ख्यामा वृद्वि भएकोछ।<br>• विद्यालयमा भौतिक निर्माण तथा अन्य व्यवस्थापकीय सवालहरुमा अभिभावकहरुको सहभागिता एवम् साझेदारितालाई प्राथमिकतामा दिने नीतिलाई |

| क्र. स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ वार्षिक लक्ष | २०७६ प्राप्त उपलब्धि | लक्ष प्राप्तिको लागि गरिएका प्रयास, समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | | | निरन्तरता दिइएको छ ।<br>• विद्यार्थी भर्ना, नतिजा विश्लेषण तथा अभिभावक विद्यार्थी र शिक्षक बीचको त्रिकोणात्मक अन्तर क्रियामा अभिभावकको उपस्थितिलाई अनिवार्य गरिएको छ ।<br>• विद्यालयमा अभिभावक हाजिरी रजिष्टरको व्यवस्था गरी वार्षिक रुपमा धेरै उपस्थित हुने अभिभावकलाई विद्यालयको वार्षिकोत्सवमा सम्मान गर्ने नीतिगत व्यवस्था लाई थप प्रभावकारी बनाईको छ । |
| १४ | अनुगमन तथा कक्षा सुपरिवेक्षण (वार्षिक) | | | | |
| | प्र.अ. बाट | २३ | ३५ | ३५ | • प्र.अ.बाट कक्षा अवलोकन गर्ने कार्यलाई वार्षिक क्यालेण्डरमा समावेश गरी नियमित अनुगमनको व्यवस्था गरी कार्यान्वयनमा ल्याइएको छ । |
| | वि.व्य.स. बाट | १२ | १२ | १२ | • वि.व्य.स.ले विद्यालयमा गर्ने अनुगमनलाई अनिवार्य गरी समयवद्ध गरिएको छ । |
| | शिक्षा अधिकृत/अन्य /........... | १९ | १९ | २२ | • प्रदेश शिक्षा निर्देशक, शिक्षा विकास तथा समन्वय इकाई प्रमुख, गा.पा. प्रमुख, गा.पा. कार्यकारी प्रमुख, स्थानीय शिक्षा अधिकारी तथा स्रोत व्यक्तिहरुबाट विभिन्न समयमा अनुगमन गरी आवश्यक सुझावहरु प्राप्त भएको छ । |
| १५ | कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय उपयोग प्रतिशत | ४५ | ५५ | ५५ | • कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय प्रयोग सम्वन्धि समय तालिका निर्माण गरी नियमित प्रयोगलाई व्यवस्थित गरिएको छ ।<br>• खालि पिरिएडमा कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय प्रयोग प्रति आकर्षित हुदै गएको छ ।<br>• शिक्षण सिकाइमा सूचना सञ्चार प्रविधिको उपयोग वृद्धि गरिएकोले कम्प्युटर प्रयोगशाला तथा ई-पुस्तकालय उपयोग प्रतिशत वृद्धि भएको छ । |
| १६ | पुस्तकालय प्रयोग प्रतिशत | ५५ | ६० | ५८ | • दैनिक रुपमा विहान १०:०० बजेदेखि दिउसो ३:३० बजे सम्म पुस्तकालय खुल्ला रहने व्यवस्था गरिएको छ ।<br>• पुस्तकालय प्रयोग सम्वन्धि समय तालिका निर्माण गरी सवै कक्षाका विद्यार्थीहरुलाई अनिवार्य पुस्तकालय प्रयोगको व्यवस्था गर्ने प्रयास गरिएको छ ।<br>• शिक्षकहरुको खालि पिरिएड पुस्तकालयमा विताउने नीति वनाई लागु गर्ने प्रयास गरिएको छ ।<br>• वार्षिक रुपमा वढि पुस्तकालयको प्रयोग गर्ने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने नीति अवलम्वन गरिएको छ ।<br>• पुस्तकालयमा अध्ययन कक्ष छुट्टै नहुदा समस्या पैदा भएको छ । |

| क्र. स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ वार्षिक लक्ष | २०७६ प्राप्त उपलब्धि | लक्ष प्राप्तिको लागि गरिएका प्रयास, समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | | | • कक्षा ९-१२ का विद्यार्थीहरुका लागि छुट्टै पुस्तकालय कक्ष आवश्यक रहेता पनि सो व्यवस्था गर्न नसकिएकोले उक्त तहका विद्यार्थी हरुलाई पुस्तकालयमा नै बसेर पठनपाठन गर्न सक्ने वातावरण निर्माण गर्न सकिएको छैन । |
| १७ | शैक्षिक उपलब्धी | | | | |
| | कक्षा १–५ | ६३.८ | ६५ | ६४ | • शिक्षण सिकाइमा आधुनिक शिक्षण विधिहरु, शैक्षणिक सामग्रीहरुको प्रयोगलाई अनिवार्य गरिएको,<br>• आवधिक तथा निरन्तर मूल्याङ्कन (एकाई परीक्षा, मासिक परीक्षा, आदि) लाई प्रभावकारी रुपमा लागु गरिएकोले मौजुदा सिकाइ स्तरमा सुधार आएको छ । अझै पनि शैक्षणिक सामग्रीहरुको आदर्शतम प्रयोग हुन नसक्नु, बसाइलाई आधुनिक रुपमा व्यवस्थापन गर्न नसकिनु, वालवालिकाको पठनपाठन प्रति अभिभावकले चासो कम रहनु जस्ता कारणहरुले सिकाइस्तरलाई लक्षित रुपमा उकास्न सकिएको छैन । |
| | कक्षा ६–८ | ५८ | ६१ | ५९ | • विज्ञान, गणित र कम्प्युटर विषयको पठनपाठन अङ्ग्रेजी माध्यममा सञ्चालन गरिएकोले ति विषयहरुको सिकाइ उपलब्धि अपेक्षित रुपमा सुधार गर्न नसकिएको, |
| | कक्षा ९–१० | ४३ | ४४ | ४५ | • शिक्षण सिकाइमा शैक्षणिक सामग्रीको प्रयोग अनिवार्य गरिएकोले सिकाइ प्रभावकारी भएको<br>• विद्यार्थी केन्द्रित विधिहरुको प्रयोगलाई प्राथमिकता दिइएकोले सिकाइमा सुधार हुँदै गएको, |
| | कक्षा ११–१२ | ४२ | ४३ | – | • कक्षा ११ र १२ को २०७६ सालको वार्षिक परीक्षा भै नसकेकोले सिकाइ उपलव्धिलाई समावेश गर्न सकिएको छैन। |
| | विद्यालयको समग्र वार्षिक सिकाइ उपलब्धि | ५४.९३ | | ५६.०० (कक्षा ११/१२ को सिकाइ उपलब्धि समावेश नभएको) | • शिक्षण सिकाईमा आधुनिक प्रविधि तथा सामग्रीको प्रयोगमा वृद्धि भएकोले सिकाईमा सकारात्मक प्रभाव देखिएको,<br>• समय समयमा अभिभावक, विद्यार्थी र शिक्षकहरुको बीचमा शैक्षिक गुणस्तर अभिवृद्धि सम्वन्धि अन्तर क्रियात्मक कार्यक्रम सञ्चालन भएकाले विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार आएको,<br>• विद्यार्थीहरुको उपस्थिति दरमा सुधार भएकोले सिकाइ सुधारमा सहयोग भएको, |

## २.२. भौतिक व्यवस्थापन प्रगति समिक्षा

| क्र. स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ वार्षिक लक्ष | २०७६ प्राप्त उपलब्धि | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| १ | पठनपाठन भवन (कक्षाकोठा) निर्माण | ० | ८ | ८ | • नमुना विद्यालय विकास कार्यक्रम मार्फत प्राप्त भएको रकमको उपयोग गरी यस आर्थिक वर्षमा ८ कोठा सहितको २ तले भवन निर्माण सम्पन्नताको अन्तिम चरणमा रहेको छ । |
| २ | वाल विकास भवन (कोठा) निर्माण | ० | ९ | ९ | • नमुना विद्यालय विकास कार्यक्रम मार्फत प्राप्त भएको रकमको उपयोग गरी यस आर्थिक वर्षमा ९ कोठा सहितको ३ तले भवन निर्माण सम्पन्नताको अन्तिम चरणमा रहेको छ । |
| ३ | खानेपानी ट्याङकी/धारा निर्माण | २/२ | ३/५ | ० | • खानेपानीको मौजुदा आपूर्तिबाट नै अस्थायी खालका तीनवटा धाराहरु थप गरिएको छ भने बजेट अभावको कारण ट्याङ्की र पक्की किसिमका धाराहरु निर्माण गर्न सकिएको छैन । |
| ४ | परीक्षा अभिलेख कक्ष | १ | १ | १ | • विद्यालयको परीक्षा प्रणालीसंग सम्वन्धीत सूचनाहरुलाई गोप्य राख्न र परीक्षा कार्यक्रमलाई नियमित र प्रभावकारी रुपमा सञ्चालन गर्न एउटा छुट्टै परीक्षा अभिलेख कक्ष व्यवस्थापन गरिएको छ । |
| ५ | शैक्षणिक सामग्री भण्डारण कक्ष | ० | १ | ० | • विद्यालयको मौजुदा भौतिक संरचना अन्तरगत कोठाहरु पर्याप्त सङ्ख्यामा नरहेको र नयाँ भवन निर्माणको क्रममा रहेकोले छुट्टै शैक्षणिक सामग्री भण्डारण कक्ष स्थापना गर्न सकिएको छैन। शैक्षणिक सामग्रीहरु व्यवस्थापनको लागि शिक्षक-स्टाफ कक्षलाई नै प्रयोग गएिको छ । |
| ६ | विपद् व्यवस्थापन तथा परामर्श कक्ष | ० | १ | ० | • विद्यालयको मौजुदा भौतिक संरचना अन्तरगत कोठाहरु पर्याप्त सङ्ख्यामा नरहेको र नयाँ भवन निर्माणको क्रममा रहेकोले विपद् व्यवस्थापन तथा परामर्श कक्ष छुट्टै रुपमा स्थापना गर्न सकिएको छैन । यसको लागि शिक्षक-स्टाफ कक्षलाई नै प्रयोग गएिको छ । |
| ७ | खेलकूद कक्ष | ० | १ | १ | • विद्यालयको मौजुदा भौतिक संरचना अन्तरगत कोठाहरु पर्याप्त सङ्ख्यामा नरहेको र नयाँ भवन निर्माणको क्रममा रहेकोले खेलकूद कक्ष छुट्टै रुपमा स्थापना गर्न सकिएको छैन । यसको लागि शिक्षक-स्टाफ कक्षलाई नै प्रयोग गएिको छ । |
| ८ | प्राथमिक उपचार कक्ष | ० | १ | १ | • विद्यालयको मौजुदा भौतिक संरचना अन्तरगत कोठाहरु पर्याप्त सङ्ख्यामा नरहेको र नयाँ भवन निर्माणको क्रममा रहेकोले प्राथमिक उपचार कक्ष छुट्टै रुपमा स्थापना गर्न सकिएको छैन । यसको लागि सहायक प्र.अ. कक्षलाई नै प्रयोग गएिको छ । |
| ९ | प्रकाशन प्रसारण तथा सूचना कक्ष | ० | १ | १ | • विद्यालयको मौजुदा भौतिक संरचना अन्तरगत कोठाहरु पर्याप्त सङ्ख्यामा नरहेको र नयाँ भवन निर्माणको क्रममा रहेकोले प्रकाशन प्रसारण तथा सूचना कक्ष |

| क्र. स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ वार्षिक लक्ष | २०७६ प्राप्त उपलब्धि | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | | | छुट्टै रुपमा स्थापना गर्न सकिएको छैन । हाल प्र.अ कक्ष र कम्प्युटर प्रयोगशाला प्रयोग गरी कार्य सम्पादन गरिएको छ । |
| | **शैक्षिक तथा अन्य सामग्रीहरु व्यवस्थापन** | | | | |
| १० | फोटोकपी मेसिन | ३ | ० | | ● यस वर्षको लागि राखिएको लक्ष अघिल्लो वर्ष नै पुरा भएकोले यस वर्षको लागि सो कार्यक्रम रहेको छैन । |
| ११ | ल्यापटप | ५ | ० | | ● यस वर्षको लागि राखिएको लक्ष अघिल्लो वर्ष नै पुरा भएकोले यस वर्षको लागि सो कार्यक्रम रहेको छैन । |
| १२ | बैकल्पित उर्जा, इन्भर्टर | ० | १ | ० | ● बजेट अभावका कारण खरिद गर्न सकिएको छैन । |
| १३ | साउन्ड सिस्टम | १ | २ | २ | ● विद्यालयको आन्तरिक स्रोत प्रयोग गरी १ सेट साउण्ड सिस्टम थप गरी यस वर्षको निर्धारित लक्ष पुरा गरिएको छ । |
| १४ | डिजिटल क्यामेरा | २८ | ० | ० | ● अघिल्लो वर्ष नै नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगत स्थानीय शासन तथा सामूदायिक विकास कार्यक्रम प्रादेशिक सहयोग इकाइ पोखरा (LGCDP) बाट २८ थान डिजिटल क्यामेरा अनुदान सहयोग प्राप्त भएकोले लक्ष भन्दा वढि उपलब्धि हासिल भै सकेकोले यस वर्ष सो सम्वन्धि कार्यक्रम रहेको छैन । |
| १५ | सि.सि. क्यामेरा | ८ | १६ | ० | ● विद्यालयमाको भौतिक सुरक्षामा आकस्मिक चुनौती पैदा भएको कारण यस वर्षको लागि राखिएको कार्यक्रम अघिल्लो आ.व. मा नै आंशिक रुपमा सम्पन्न भएको थियो । बाँकी लक्ष यस वर्षको लागि राखिएको भएता पनि बजेट अभावका कारण सो कार्यक्रम पुरा हुन सकेको छैन । |
| १६ | खेलकुद सामग्री खरिद– (गुरुयोजनाको अनुसूची ५ अनुसार) | | | | ● भलिवल, फूटबल, ब्याटमिन्टन, क्यारम्बोर्ड, वाघचाल, चेस आदि खेलकूद सामग्रीहरु खरिद गरी प्रयोगमा ल्याइएको, |
| १७ | शैक्षणिक सामग्री खरिद– (गुरुयोजनाको अनुसूची ६ अनुसार) | | | | ● शैक्षिक सामग्रीहरु संकलन एवम व्यवस्थापन गर्न पौष तेस्रो हप्तालाई शैक्षणिक सामग्री संकलन सप्ताहको रुपमा प्रयोग गरिएको, <br>● स्थानीय स्तरमा पाइने र आफैनिर्माण गर्न सकिने किसिमका सामग्रीहरु नक्सा, नमूनाहरु(काठ,माटो, ढुङ्गा, कागज, कपडा आदि बाट निर्माण गरिएका) पोष्टर, वाक्यपत्ती, शब्दपत्ती, आदि शैक्षणिक सामग्रीहरु विद्यार्थी तथा शिक्षकहरु द्वावारा संकलन गरी केहि कक्षाकोठामा स्थायी रुपमा राखिएको छ भने केहि आवश्यकता अनुसार प्रयोगको लागि अफिसमा स्टोर गरिएको छ । |

| क्र. स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| | | | | | • वार्षिक रुपमा दुई पटक शैक्षिक/शैक्षणिक सामग्रीहरु संकलन/खरिद गर्ने योजना वनाइए पनि समयमा बजेट निकासा नभएको र बजेट अपर्याप्त रहेकोले एक पटक मात्र शैक्षणिक सामग्री संकलन अभियान सञ्चालन गरिएको |
| १८ | प्राथमिक उपचारका सामग्रीहरु – (गुरुयोजनाको अनुसूची ११ अनुसार) | | | | |
| १९ | फर्निचर व्यवस्थापन– (गुरुयोजनाको अनुसूची १२ अनुसार) | | | | • प्रति विद्यार्थी १/१ वटा कुर्ची र टेवल (डेक्स) को हिसावले १५० जोर आधुनिक फर्नीचरको व्यवस्था गरिएको छ । |

## २.३. विद्यालय सुशासन तथा व्यस्थापकीय प्रगति समिक्षा

| क्र. स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| क | **विद्यार्थी व्यवस्थापन (विद्यार्थी सङ्ख्या)** | | | | |
| १ | वाल विकास कक्षा | २६ | २६ | २२ | • वाल कक्षा र कक्षा १ को विचमा केजी कक्षाको व्यवस्था गरिएकोले विद्यार्थी संख्या लक्षको ठिक दोव्वर वृद्धि भएको<br>• वाल कक्षा तथा के.जी कक्षामा अध्ययन गर्ने वालवालिकाका लागि दिवा खाजा, पर्याप्त खेल सामग्रीहरु तथा पूर्ण पारिवारिक वातावरणको व्यवस्था गरिएकोले अभिभावकहरुको आर्कषणमा वृद्धि भएको छ । |
| २ | कक्षा १-५ | ६७ | ८५ | ५७ | • तिव्र वसाईसराईको कारणले सेवाक्षेत्रको जनसङ्ख्या क्रमशः घटदै गएकोले विद्यार्थी सङ्ख्या अपेक्षित रुपमा वढाउन नसकिएको,<br>• छात्रावास निर्माण तथा यातायात व्यवस्थापन जस्ता रणनितिक योजनाहरु बजेट अभावकोकारण सञ्चालन गर्न नसकिएकोले सेवाक्षेत्रको विस्तार हुन नसकेकोले अपेक्षित रुपमा विद्यार्थी संख्या वृद्धि गर्न नसकिएको, |
| ३ | कक्षा ६-८ | १४६ | १७० | ९१ | |
| ४ | कक्षा ९-१० | १९९ | २५० | १५८ | |
| ५ | कक्षा ११-१२ | १३८ | १४० | १३० | • आधुनिक शिक्षण विधि तथा सामग्रीमा आधारित शिक्षण सिकाइमा जोड, अतिरिक्त कम्प्युटर कक्षा सञ्चालन, छात्रवृत्ति तथा विपन्न विद्यार्थी सहुलियत कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन विद्यार्थीहरु आकर्षित भइ कक्षा ११ /१२ मा अन्य विद्यालयवाट स्थानान्तरण भएर आउने विद्यार्थीको संख्या वृद्धि भएको |
| | **जम्मा** | ५७६ | | ४५८ | |

| क्र.स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ | | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | वार्षिक लक्ष | प्राप्त उपलब्धि | |
| **ख** | **अन्य व्यवस्थापकीय सूचकहरु** | | | | |
| ६ | वि.व्य.स वैठक (वार्षिक पटक) | १६ | १६ | १८ | • विद्यालयमा भौतिक निर्माण र शैक्षिक गुणस्तर एवम् अन्य व्यवस्थापकीय कार्यहरु तिव्र रुपमा अगि वढेकोले वि.व्य.स. वैठक अपेक्षित भन्दा राम्रो रहेको छ । |
| ७ | अभिभावक भेला पटक | ४ | ४ | ६ | • वार्षिक कार्ययोजना अनुसार नै अभिभावक भेला तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न गरिएको छ । वार्षिक लक्ष ४ रहेता पनि विद्यार्थीहरुको सिकाइ समस्याहरु पहिचान, न्यूनिकरण र योजनाहरु निर्माण गर्न अभिभावकहरु संग थप अन्तरक्रिया गर्नुपर्ने आवश्यकता देखिएकाले अभिभावक भेला लक्ष भन्दा राम्रो रहेको छ ।<br>• त्रैमासीक, अर्धवार्षिक तथा वार्षिक परीक्षाको नतिजा विश्लेषण र *SEE* परीक्षा तयारीको सन्दर्भमा तहगत रुपमा अभिभावक भेलाको आयोजना गरी अभिभावक, विद्यार्थी, वि.व्य.स., शि.अ.स. तथा शिक्षकहरु बीच सिकाइ उपलब्धि एवम् अन्य शैक्षिक समस्याहरु उपर खुल्ला अन्तरक्रिया गरी विभिन्न रणनितिक योजनाहरु तर्जुमा गरिएको छ । |
| ८ | पि.टि.ए. वैठक पटक | ५ | ७ | ६ | • वार्षिक कार्ययोजनामा उल्लेख भए बमोजिम शिक्षक अभिभावकको वैठक वसी विविध शैक्षिक मुद्दाहरु उपर छलफल गरिएको छ ।<br>• शैक्षिक सत्रको अन्त्य तिर Covid-19 को प्रभावको कारण विद्यालय बन्द रहने बाध्यता सृर्जना भएकोले PTA बठैक लक्षित रुपमा पुरा हुन सकेन । |
| ९ | घरदैलो कार्यक्रम पटक | २ | ४ | ३ | • वैशाख पहिलो साता र श्रावण दोस्रो साता क्रमशः कक्षा ECD-१० र कक्षा ११ को भर्ना अभियान अन्तरर्गत घरदैलो कार्यक्रम सञ्चालन गरिएको थियो ।<br>• कक्षा ५, ८ र १० का विद्यार्थीहरुको वार्षिक परीक्षा तयारीलाई दृष्टिगत गर्दै शिक्षक तथा वि.व्य.सद्वारा माघ महिनाको अन्तिम हप्ता घरदैलो कार्यक्रम सम्पन्न गरिएको छ ।<br>• शैक्षिक सत्र २०७७ को नयाँ भर्नाको लागि २०७६ चैत्र महिनाको अन्तिम हप्ता घरदैलो कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेता पनि Covid-19 को प्रभावको कारण सम्पन्न हुन सकेन । |
| १० | प्रतिदिन विद्यालय आउने अभिभावक औसत | ५ | १० | ७ | • प्रतिदिन विद्यालयमा अभिभावकको औसत सङ्ख्यामा सुधार देखिए पनि लक्ष पूर्ण रुपमा हासिल हुन सकेन । यसको प्रमुख कारण अधिकाशं अभिभावकहरु, अशिक्षित हुनु र केहि शिक्षत अभिभावकहरु पनि वैदेशिक रोजगारीको कारण प्राय:विदेश तिरनै रहनुहो। |

| क्र.स. | सूचकहरु | २०७५ को मौजुदा स्थिति | २०७६ वार्षिक लक्ष | २०७६ प्राप्त उपलब्धि | लक्ष प्राप्तिमा देखिएका समस्या तथा अवसरहरु |
|---|---|---|---|---|---|
| | | | | | ● अभिभावकहरुको शिक्षा प्रतिको अनुराग र आकर्षणलाई तत्काल गुणात्मक रुपमा वढाउन कठीन रहेको छ । |
| ११ | पुरा पिरिएड पढाइहुने दिन प्रतिशत | ९५ | ९५ | ९७ | ● कक्षाकोठामा पुरा पिरिएड पढाई हुने दिनलाई हेर्दा मौजुदा स्थितिमा व्यापक सुधार आएको छ । दैनिक रुपमा पुरै पिरिएड पढाइ गर्ने नीतिलाई कठोरताका साथ लागु गरिएको छ । विशेष परिस्थिति बाहेक पिरिएडहरु खालि नरहने अवस्था सर्जना गरिएको छ । कुनै शिक्षकको अनुपस्थितिमा अर्को शिक्षकबाट कक्षा सञ्चालन गर्ने व्यवस्था गरिएको छ । |
| १२ | विदा स्वीकृति नगराइ विदा वस्ने शिक्षक प्रतिशत | ० | ० | ० | ● विदा स्वीकृत नगराइ विदा वस्ने अवस्था पूर्ण रुपमा निरुत्साहित भएको,<br>● शिक्षकले निमानुसार पाउने विदा लिनको लागि प्र.अ. समक्ष निवेदन दिई स्वीकृत गराउनुपर्ने नीतिगत व्यवस्था गरी कठोर रुपमा लागु गरिएको, |
| १३ | विद्यार्थी शिक्षक आचार संहिता निर्माण पटक | २ | २ | २ | ● वैशाख र मसिर महिनामा शिक्षक विद्यार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिताहरु निर्माण तथा अध्यावधिक गरी कार्यान्वयनमा ल्याइएको, |
| १४ | मनिटर व्यवस्था (पटक) | ५ | ६ | ६ | ● प्रत्येक २/२ महिनामा कक्षा मनिटर परिवर्तन गरिएको छ । |
| १५ | कलास फादर /मोदर (CFM) छनौट पटक | १ | १ | १ | ● प्रत्येक कक्षामा विशेष जिम्मेवारी र सुविधा सहित कलास फादर/मोदरको व्यवस्था गरिएको छ । |
| १६ | सार्वजनिक लेखा परीक्षण | १ | १ | १ | ● वार्षिक कार्यतालिका अनुसार नै विद्यालयको सार्वजनिक लेखापरीक्षण सम्पन्न गरिएको, |
| १७ | योजना निर्माण वार्षिक | २ | ४ | ३ | ● वार्षिक रुपमा दुइ पटक वैशाख अन्तिम हप्ता देखि जेष्ठ पहिलो हप्तामा विविध शैक्षिक योजनाहरु निर्माण गरी माघमा अध्यावधिक गरिएको छ । |

## ३ आर्थिक स्रोत व्यवस्थापन

### ३.१ परिमाणात्मक लक्ष प्रांप्तिको लागि प्रस्तावित कार्यक्रमहरु र खर्च विनियोजन

उल्लेखित लक्ष प्राप्तिको लागि सञ्चालन गरिएका रणनितिक कार्यक्रमहरु र स्रोत बाँडफाडको अवस्था यस प्रकार रहेको छ :-

| क्र. स. | कार्यक्रमहरु | प्रस्तावित वार्षिक बजेट रकम रु | यथार्थ खर्च रकम रु | वजेट अन्तर |
|---|---|---|---|---|
| १ | शिक्षक कर्मचारी तलव भत्ता (क.सं.कोष, विमा, आयकर, पोशाक भत्ता आदि सहित) | ९२७३८८० | ९३३४८५४.५ | -६०९७४.५३ |
| २ | छात्रवृत्ति | १००००० | २४००० | ७६००० |
| ३ | पाठ्यपुस्तक | २००००० | १०४१४५ | ९५८५५ |
| ४ | विद्यालय सञ्चालन खर्च | ३०००० | २८४८९.९५ | १५१०.०५ |
| | सरकारी नियमित अनुदान रकम रु | ९६०३८८० | ९४९१४८९.५ | ११२३९०.५२ |
| ५ | भर्ना अभियान सञ्चालन | ५००० | ३६६४ | १३३६ |
| ६ | स्थानीय स्तरमा पाइने शैक्षिक सामग्री संकलन कार्याक्रम | २०००० | १९०१५ | ९८५ |
| ७ | विषय विशेषज्ञहरु संग अन्तरक्रिया | ५०००० | ० | ५०००० |
| ८ | आवधिक मूल्याङ्कन तथा नतिजा विश्लेषण आधारभूत, माध्यमिक | २५०००० | २७१४५० | -२१४५० |
| ९ | पुरस्कार वितरण तथा विद्यार्थी शिक्षक प्रोत्साहन | १००००० | १२०२९६ | -२०२९६ |
| १० | निरन्तर विद्यार्थी मूल्याङ्कन तथा पृष्ठपोषण | ७०००० | ६०७५० | ९२५० |
| ११ | फिडर विद्यालयसंग एकिकृत कार्यक्रम सञ्चालन | ५०००० | ० | ५०००० |
| १२ | अभिभावक संग अन्तरक्रिया | १०००० | ९१०० | ९०० |
| १३ | अतिरिक्त क्रियाकलाप सञ्चालन | ७५००० | ६८२१० | ६७९० |
| १४ | शैक्षिक भ्रमण | ६००००० | ० | ६००००० |
| १५ | शिक्षक तालिम | ६०००० | ५३२५० | ६७५० |
| १६ | घरदैलो कार्यक्रम | ७५०० | ६१५० | १३५० |
| १७ | आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुका लागि सिकाइ सहयोग कार्यक्रम सञ्चालन | ४०००० | ३५२०० | ४८०० |
| १८ | सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षाको व्यवस्था | १००००० | ० | १००००० |
| १९ | नमुना विद्यालय गुरुयोजना अध्यावधिक | ५०००० | ३८२१० | ११७९० |
| २० | नमुना विद्यालय गुरुयोजना कार्यान्वयन, अनुगमन, लेखा परीक्षण | ५०००० | ४३००० | ७००० |
| २१ | विद्यार्थी परामर्श तथा उपचार पद्धती | १०००० | ७६०० | २४०० |
| २२ | अन्य नमुना विद्यालयहरु संग अन्तरक्रिया तथा सिकाई आदान प्रदान | ३०००० | ० | ३०००० |
| २३ | विद्यार्थी तथा शिक्षकको नियमित स्वास्थ्य परीक्षण | ५०००० | ० | ५०००० |
| २४ | MSE Materials kit | ५०००० | ३४३५० | १५६५० |
| | शैक्षिक पक्षको जम्मा रकम रु | १६७७५०० | ७७०२४५ | ९०७२५५ |
| २५ | शैक्षणिक भवन निर्माण | ११५००००० | ७८००००० | ३७००००० |
| २६ | बाल विकास भवन | १६६२०२३३ | १३९६९४४४ | २६५०७८८.८ |
| २७ | अन्य विविध मर्मत/व्यवस्थापन | ५००००० | ३८९९९४ | ११०००६ |

| क्र. स. | कार्यक्रमहरु | प्रस्तावित वार्षिक बजेट रकम रु | यथार्थ खर्च रकम रु | वजेट अन्तर |
|---|---|---|---|---|
| २८ | वैकल्पिक उर्जा व्यवस्था | २५०००० | ० | २५०००० |
| २९ | अन्य विद्युतीय सामग्री व्यवस्था | २५०००० | ० | २५०००० |
| ३० | शैक्षणिक तथा खेलकुद सामग्री खरिद | ८५००० | ० | ८५००० |
| | **भौतिक पक्षको जम्मा रकम रु** | २९२०५२३३ | २२१५९४३८ | ७०४५७९४.८ |
| ३१ | व्यवस्थापकीय प्र.अ.को करार सम्झौता | १५९९०५ | १५९९०५ | ० |
| ३२ | तहगत संयोजकहरु तथा विभिन्न विभागीय समितिका संयोजक तथा सदस्यहरु नियुक्त | १००००० | ८७००० | १३००० |
| ३४ | सहायक प्र.अ कार्यसम्पादन करार | ४२००० | ४२००० | ० |
| ३५ | वि.व्य.स., शिक्षक अभिभावक संघ, विद्यालय विपद् व्यवस्थापन समिति लगायत विद्यालयमा क्रियाशिल विभिन्न विभागिय समितिहरुको कार्यदक्षता विकास सम्वन्धि तालिम एवम् कार्यक्रम सञ्चालन | २०००० | ० | २०००० |
| ३६ | भित्तेपत्रिका प्रकाशन | ५००० | ६२०० | -१२०० |
| ३७ | विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय निर्माण, वाल अधिकार संरक्षण लगायतका विविध सचेतात्मक कार्यक्रमहरु सञ्चालन | १५००० | १२००० | ३००० |
| ३८ | विद्यालयको वेव साइट सञ्चालन | २०००० | २२६०० | -२६०० |
| ३९ | विविध शैक्षिक तथ्याङ्क एवम् सूक्ष्म योजनाहरु निर्माण अध्यावधिक तथा कार्यान्वयन | १०००० | १४८५० | -४८५० |
| ४० | सूचना तथा सञ्चार व्यवस्थापन | २०००० | २०३६५ | -३६५ |
| ४१ | कक्षा १०, ११, १२ को वार्षिक परीक्षा सञ्चालन | १३९००० | ५२०० | १३३८०० |
| ४२ | लेखा परीक्षण, कार्य सम्पादन आदि | १००००० | ९३००० | ७००० |
| ४३ | वुक कर्नर  तथा पुस्तकालय व्यवस्थापन | ६०००० | ४२८५० | १७१५० |
| ४४ | विद्यालयका गतिविधी सञ्चार माध्यमवाट प्रशारहण | २५००० | २२३४० | २६६० |
| ४५ | मानव संसाधन व्यवस्थापन | ३१७५०० | ० | ३१७५०० |
| ४६ | दिवा खाजा तथा विद्यार्थी सहुलियत कार्यक्रम | १००००० | ६९७९४ | ३०२०६ |
| ४७ | स्थानीय स्रोतको शिक्षक व्यववस्थापन | १६८०००० | १३५१३०८.३ | ३२८६९१.७ |
| ४८ | फर्निचर निर्माण | ० | ६००००० | -६००००० |
| | **व्यवस्थापकिय पक्षको जम्मा रकम रु** | २८१३४०५ | २५४९४१२.३ | २६३९९२.७ |
| | **शैक्षिक, भौतिक र व्यवस्थापकिय पक्षको जम्मा रकम रु** | ३३६९६१३८ | २५४७९०९५.५ | ८२१७०४२.५ |
| | **नियमित सरकारी अनुदान सहितको कूल जम्मा** | ४३३०००१८ | ३४९७०५८५ | ८३२९४३३ |

## ३.२. समटिगत खर्चको सारांश

उल्लेखित खर्च विनियोजनको सार संक्षेपलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

| क्र. स. | क्षेत्रहरु | प्रस्तावित वार्षिक खर्च रु | यथार्थ वार्षिक खर्च रकम रु | बजेट अन्तर | वास्तविक खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | शैक्षिक | १६७७५०० | ७७०२४५ | ९०७२५५ | ३.०२ |
| २ | भौतिक | २९२०५२३३ | २२१५९४३८.२ | ७०४५७९४.८ | ८६.९७ |
| ३ | व्यवस्थापकिय | २८१३४०५ | २५४९४१२.३ | २६३९९२.७ | १०.०१ |
| | **जम्मा रकम रु** | ३३६९६१३८ | २५४७९०९५.५ | ८२१७०४२.५ | १०० |

## ३.३. परिमाणात्मक लक्ष प्राप्तिको लागी प्रस्तावित र यथार्थ आम्दानीको विवरण

**खर्च व्यवस्थापनको लागि प्रस्तावित आम्दानीका स्रोतहरु र आम्दानीको विवरणलाई यस प्रकार प्रस्तुत गरिएको छः-**

| क्र. स. | आम्दानीका स्रोतहरु | प्रस्तावित आम्दानी रकम रु | यथार्थ आम्दानी रकम रु | वजेट अन्तर (प्रस्तावित आम्दानी र यथार्थ आम्दानीको फरक) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सरकारी अनुदान | | | | |
| | क) नियमित सरकारी अनुदान | | | | |
| १ | शिक्षक कर्मचारी तलव भत्ता (पोशाक भत्ता सहित) | ९०३३८८० | ८९३०७१३ | १०३१६७ | |
| २ | छात्रवृत्ति | ९०००० | ५०००० | ४०००० | |
| ३ | पाठ्यपुस्तक | २५०००० | १९५६१० | ५४३९० | |
| ४ | विद्यालय सञ्चालन खर्च | ३०००० | ३०००० | ० | |
| ५ | अन्य ससर्त अनुदान | २००००० | १८१३१८ | १८६८२ | |
| | **क को जम्मा** | ९६०३८८० | ९३८७६४१ | २१६२३९ | |
| ५ | नमुना विद्यालय ससर्त अनुदान | ३०१५०१३८ | १८८१०००० | ११३४०१३८ | |
| ६ | स्थानीय सरकारी निकायबाट प्राप्त सहयोग | २९९००० | ० | २९०००० | |
| | **१ को जम्मा** | ४००५३०१८ | २८१९७६४१ | ११८५५३७७ | |
| २ | **विद्यालयको आन्तरिक स्रोत** | | | | |
| ७ | प्रवेश शुल्क | ७००० | ६२०० | ८०० | |
| ८ | भर्ना शुल्क | ३००००० | ५०२४०० | -२०२४०० | वचत |
| ९ | प्रमाणपत्र शुल्क | २५०००० | २३५९०० | १४१०० | |
| १० | फोटोकपी शुल्क | ५०००० | ४६००० | ४००० | |
| ११ | शिक्षण शुल्क | ७००००० | ५६२८०० | १३७२०० | |
| १२ | पुस्तकालय धरौटी शुल्क | ४०००० | ३१००० | ९००० | |
| १३ | व्याज आम्दानी | १२००००० | १४०६८५०.५० | -२०६८५०.५० | वचत |
| १४ | अन्य(रजिष्ट्रेसन, आवेदन आदि) | २००००० | ५४५५५० | -३४५५५० | वचत |
| | **२ को जम्मा** | २७४७००० | ३३३६७००.५० | -५८९७००.५० | |
| ३ | **विभिन्न दातृ संघ संस्था तथा अन्य स्रोत** | | | | |
| १५ | व्यक्तिगत चन्दा वाट प्राप्त आय | २००००० | ० | २००००० | |
| १६ | भू.पु. विद्यार्थीवाट प्राप्त आय | १००००० | ० | १००००० | |
| १७ | अन्य गैर सरकारी संघ संस्थावाट प्राप्त आय | २००००० | २०५००० | -५००० | वचत |
| | **३ को जम्मा** | ५००००० | २०५००० | २९५००० | |
| | **२, ३ को जम्मा रकम रु** | ३२४७००० | ३५४१७००.५० | -२९४७००.५० | वचत |
| | **नियमित अनुदान वाहेक १, २ र ३ को जम्मा** | ३३६९६१३८ | २२३५१७००.५० | ११३४४४३७.५० | |
| | **१, २, ३ को जम्मा रकम रु** | ४३३०००१८ | ३१७३९३४१.५० | ११५६०६७७ | |

### ३.४. समग्रमा आम्दानीको साराशं

आम्दानी सार संक्षेपलाई यस प्रकार प्रस्तुत गरिएको छ :-

| क्र. स. | आम्दानीका स्रोतहरु | प्रस्तावित आम्दानी रकम रु | यथार्थ आम्दानी रकम रु | वजेट अन्तर | यथार्थ आम्दानी प्रतिशत |
|---|---|---|---|---|---|
| | नमुना विद्यालयको अनुदान | ३०१५०१३८ | १८८१०००० | ११३४०१३८ | ८४.१५ |
| | स्थानीय सरकार अनुदान | २९९००० | ० | २९००००० | ० |
| | विद्यालयको आन्तरिक स्रोत | २७४७००० | ३३३६७००.५० | ५८९७००.५० | १४.९३ |
| | गैर सरकारी विभिन्न दातृ निकाय | ५००००० | २०५००० | २९५००० | ०.९२ |
| | जम्मा रकम रु | ३३६९६१३८ | २२३५१७००.५० | ११३४४४३७.५० | १००.०० |

## ४. शैक्षिक सत्र २०७६ भित्र सञ्चालन हुन नसकेका प्रस्तावित कार्यक्रमहरु

<table>
<tr><th>पक्ष</th><th>कार्यक्रमहरु</th><th>कार्यक्रम सञ्चालन हुन नसक्नुका प्रमुख कारणहरु</th></tr>
<tr><td rowspan="6">शैक्षिक</td><td>विषय विशेषज्ञहरु संग शैक्षिक अन्तरक्रिया</td><td rowspan="11">• गुरुयोजनामा प्रस्ताव गरिए बमोजिमको आर्थिक स्रोत नेपाल सरकार तथा दातृ निकायहरु बाट प्राप्त हुन नसक्नु,<br>• नमुना विद्यालय विकासको लागि नेपाल सरकारबाट प्राप्त भएको शसर्त बजेट निकासामा प्रक्रियागत जटिलताहरुको कारण ढिलाई हुनु,<br>• विभिन्न स्थानीय संघ संस्था तथा सहयोगदाताहरु बाट प्रतिवद्धता भए बमोजिमको सहयोगमा कमी रहनु,<br>• विद्यालयको आन्तरिक स्रोतबाट अपेक्षा गरे अनुसारको आम्दानी नहुनु ।<br>• विश्वव्यापि माहामारीको रुपमा फैलिएको Covid-19 को प्रत्यक्ष प्रभाव विद्यालयमा पर्नु,</td></tr>
<tr><td>फिडर विद्यालयहरु संग एकिकृत कार्यक्रम सञ्चालन ।</td></tr>
<tr><td>शैक्षिक भ्रमण</td></tr>
<tr><td>सिकाइ स्तर कमजोर भएका विद्यार्थीहरुका लागि अतिरिक्त कक्षाको व्यवस्था</td></tr>
<tr><td>अन्य नमुना विद्यालयहरु संग अन्तरक्रिया तथा सिकाई आदान प्रदान</td></tr>
<tr><td>शैक्षिक तथा अन्य खेलकुद खरिद</td></tr>
<tr><td rowspan="3">भौतिक</td><td>कम्प्युटर, CC क्यामेरा लगाएत अन्य विद्युतीय सामग्रीहरु खरिद</td></tr>
<tr><td>बैकल्पिक उर्जा व्यवस्थापन</td></tr>
<tr><td>खानेपानी ट्याङ्की निर्माण</td></tr>
<tr><td rowspan="2">व्यवस्थापकीय</td><td>वि.व्य.स., शिक्षक अभिभावक संघ, विद्यालय विपद् व्यवस्थापन समिति लगायत विद्यालयमा क्रियाशिल विभिन्न विभागिय समितिहरुको कार्यदक्षता विकास सम्वन्धि तालिम एवम् कार्यक्रम सञ्चालन</td></tr>
<tr><td>मानव संसाधन व्यवस्थापन (शिक्षक/कर्मचारी नियुक्त)</td></tr>
</table>

## ५. शैक्षिक सत्र २०७६ मा थप भएका नयाँ कार्यक्रमहरु

- फर्निचर निर्माण : माध्यमिक तह कक्षा ९ र १० का विद्यार्थीहरुलाई लक्षित गरी प्रति विद्यार्थी १ टेबल र १ वेन्च गरि १५० सेट आधुनिक किसिमका टेवल,बेञ्चहरु निर्माण गरिएको छ ।

## ६. बिना बजेट सम्पन्न कार्यक्रमहरु

### शैक्षिक

- वार्षिक कार्यपात्रो, सरसफाई योजना तथा विपद् व्यवस्थापन तथा सुरक्षित विद्यालय योजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको,
- विषयगत समिति तथा स्टाफ वैठका विभिन्न विषयगत समस्याहरु बारेमा अन्तरक्रिया गरी समस्या समाधान गर्ने प्रयत्न गरिएको,
- चौमासिक रुपमा सहपाठी शिक्षकहरुबाट अन्तर कक्षा अवलोकन गरी समस्याको पहिचान र आवश्यक सुझाव आदन प्रदान गर्ने गरिएको ,
- विद्यालयमा सञ्चालित आन्तरिक परीक्षाहरुको नतिजा प्रकाशन पश्चात शिक्षक वैठकमा परीक्षाको नतिजा विश्लेषण गर्ने गरिएको,

### भौतिक

- विहानी प्रार्थनाको समयपछी सरसफाई क्यालेण्डर अनुसार अनिवार्य रुपमा विद्यालय परिसर तथा कक्षाकोठा सरसफाई गर्ने गरिएको,
- ग्रिन क्लव, बाल क्लव, यु.रे.स. विपद् व्यवस्थापन समितिको नेतृत्वमा विद्यालय परिसरभित्र रहेको खालि ठाउँमा फूलबारी निर्माण गरिएको,

### व्यवस्थापकीय

- बाल क्लव, ग्रिन क्लव, यु.रे.स., विपद् व्यवस्थापन समिति, पुस्तकालय व्यवस्थापन समिति, विद्यालय क्षेत्र सरसफाई समिति, खेलकूद समिति, आतिरिक्त क्रियाकलाप व्यवस्थापन समिति तथा विद्युतीय पुस्तकालय व्यवस्थापन समिति गठन भएको,
- दैनीक कक्षा क्रियाकलापको मूल्याङ्कन गर्न, कक्षा योजना तर्जुमा गर्न र कक्षा लाई अनुशासित गराउन प्रत्येक कक्षामा कक्षा शिक्षकको जिम्मेबारी तोकिएको,
- विभिन्न आवधिक तथा निरन्तर मूल्याङ्कनलाई व्यवस्थित गर्न परीक्षा समिति गठन गरिएको,
- विद्यालयका विविध वार्षिक योजना निर्माण गर्न, विद्यालयको शैक्षिक गुणस्तर परीक्षण गरी आवश्यक सुधारको लागि सिफारिस गर्न, विद्यालयमा आवश्यक शैक्षिक तथा भौतिक सामग्रीहरुको खरिद र व्यवस्थापन गर्न विभिन्न संघ संस्था लगायत विभिन्न क्षेत्र संग सम्पर्क र समन्वय गर्न, विभिन्न विषयको शैक्षिक गुणस्तर कायम गर्न र व्यवस्थित तरिकाले नियन्त्रण र निर्देशन गर्न क्रमशः वार्षिक योजना निर्माण समिति, शैक्षिक अनुगमन तथा गुणस्तर परीक्षण समिति, सामाजिक सम्पर्क तथा समन्वय समिति र विषयगत समितिहरुको व्यवस्था र नियुक्ति गरिएको ।

समाप्त

## अनुसुची १

### आर्थिक वर्ष २०७६/०७७ को आय व्यय विवरण

| आम्दानी | | | | खर्च | |
|---|---|---|---|---|---|
| सि.नं | विवरण | रकम रु. | सि.नं | विवरण | रकम रु. |
| १ | शिक्षक तथा तलव भत्ता | ८७४०७१३.०० | १ | तलव भत्ता | ९७५०९१७.७० |
| २ | पोशाक भत्ता | १९००००.०० | २ | क.सं कोष दाखिला | ९८१२१२.१३ |
| ३ | पाठ्य पुस्तक | १९५६१०.०० | ३ | शिक्षक विमा दाखिला | १०८७४६.७० |
| ४ | सामाजिक परीक्षण | १५०००.०० | ४ | सा.सु. कर दाखिला | ९३२९६.०० |
| ५ | विद्यालय सुधार योजना | १५०००.०० | ५ | पारिश्रमीक आयकर | ८०६८२.०० |
| ६ | छात्रवृत्ति निकासा | ५००००.०० | ६ | रजिष्ट्रेशन दाखिला | ८०४५०.०० |
| ७ | मसलन्द | ३००००.०० | ७ | आवेदन दाखिला | १९१०००.०० |
| ८ | वुक कर्नर | ९६६५०.०० | ८ | छात्रवृति वितरण | ०.०० |
| ९ | नमुना विद्यालय अनुदान | १८८१००००.०० | ९ | भौतिक निमार्ण मर्मत संहार | १७३६५०.०० |
| १० | प्रवेश शुल्क | ६२००.०० | १० | शौक्षिक सामाग्री | ११०१५.०० |
| ११ | भर्ना शुल्क | ५०२४००.०० | ११ | पाठ्य पुस्तक | १०४१४५.०० |
| १२ | रजिस्ट्रेशन शुल्क | ९८०००.०० | १२ | राष्ट्रिय सेवा दल तथा सुरक्षा सामग्री | १९६३५.०० |
| १३ | आवेदन शुल्क | ४४०७००.०० | १३ | विद्युत महशुल | ९०४०.०० |
| १४ | प्रमाण पत्र शुल्क | २३५९००.०० | १४ | मसलन्द खर्च | २८४८९.९५ |
| १५ | फोटोकपी शुल्क | ४६०००.०० | १५ | वार्षिकोत्सव तथा अक्षयकोष पुरस्कार | ८५३४५.०० |
| १६ | शिक्षण शुल्क | ५६२८००.०० | १६ | फोटोकपी सामाग्री | २६२००.०० |
| १७ | पुस्तकालय धरौटि शुल्क | ३१०००.०० | १७ | लेखा परिक्षण खर्च | ८००००.०० |
| १८ | लगानी तथा अक्षयकोष ब्याज | ३३६९१०.०० | १८ | भौतिक सामाग्री खरिद | ११६३४४.०० |
| १९ | मुहि व्याज | १०६९९४०.५० | १९ | शिक्षक कर्मचारी प्रोत्साहन | १२२३१६.०० |
| २० | चन्दा सहयोग (लालिगुरास युवा) | २०५०००.०० | २० | संचार (फोन, नेट र वेव साइट) | ६०३६५.०० |
| २१ | विविध आम्दानी | ६८५०.०० | २१ | पुस्तकालय धरौटी फिर्ता | ३४०००.०० |
| २२ | आइ सि.टि | ३७३८०.०० | २२ | ट्याक्स वैक | १५७९८४.८९ |
| २३ | निकासा | ३२००.०० | २३ | विज्ञापन तथा शुभकामना | १२२४०.०० |
| २४ | आधारभूत तह परीक्षा | १४०८८.०० | २४ | अतिथि सत्कार | २६३९२.०० |
| २५ | | | २५ | विद्यालय सुधार योजना निर्माण(२वर्ष) | ३४८५०.०० |
| २६ | | | २६ | अतिरिक्त क्रियाकलाप तथा पुरस्कार | ३८२१०.०० |
| २७ | | | २७ | रकम फिर्ता (काठेखोला गाउँपालिका) | ३२०००.०० |
| २८ | | | २८ | फर्निचर निर्माण ( १५0 थान) | ६०००००.०० |
| २९ | | | २९ | एस.ई.इ प्रमाणपत्र राजश्व | २०७५०.०० |
| | | | ३० | विविध | १२१८६४.०० |
| | | | ३१ | भवन निर्माण | २१७६९४४४.३३ |
| **यस वर्षको जम्मा आम्दानी रकम रु** | | ३१७३९३४१.५० | **यस वर्षको जम्मा खर्च रकम रु** | | ३४९७०५८४.७० |

स्रोत : सामाजिक परीक्षण प्रतिवेदन २०७६/०७७

## अनुसुची २
## आर्थिक वर्ष २०७६/०७७ को वासलात

| आय | | | | | | | व्यय |
|---|---|---|---|---|---|---|---|
| यस वर्षको जम्मा रकम रु | | | ३१७३९३४१.५० | यस वर्षको जम्मा खर्च रकम रु | | | ३४९७०५८४.७० |
| गत वर्षको अल्या | लगानी | १०५८९४७.०० | ३०४४९७९०.६९ | बाँकी मौज्दात | लगानी | १११७९७६.०० | २७२१८५४७.४९ |
| | लगानी (अक्षयकोष) | १२३२३२२.०० | | | लगानी (अक्षयकोष) | १२३२३२२.०० | |
| | चल्ती खाता (नेपाल वैक लि) | १८०८१३२७.२५ | | | चल्ती खाता (नेपाल वैक लि) | ९८६९०४९.७४ | |
| | मुद्धती खाता (नेपाल वैक लि) | १००००००० .०० | | | मुद्धती खाता (नेपाल वैक लि) | १५००००००.०० | |
| | नगद (लेखापाल जिम्मा) | ७७१९४.४४ | | | नगद (लेखापाल जिम्मा) | -८००.२५ | |
| कूल जम्मा | | | ६२१८९१३२.१९ | | कूल जम्मा | | ६२१८९१३२.१९ |

स्रोत : सामाजिक परीक्षण प्रतिवेदन २०७६/०७७